श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

नेपाल निजामती कर्मचारी संगठन
(Nepal Government Employees' Organization)
केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं
(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मितिः २०८०/०४/०१

# प्रेस विज्ञप्ति

निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र प्रभावकारी बनाउने उद्देश्यका साथ स्थापना भएको निजामती क्षेत्रको पहिलो राष्ट्रियस्तरको ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन निजामती सेवामा आफ्ना हक अधिकारहरु स्थापित गराउन, सेवाको सुरक्षाको प्रत्याभुति गर्न र कर्मचारीको कार्यस्थलको सुरक्षाको ग्यारेण्टीको लागि निन्तर क्रियाशिल रहँदै आएको छ । संगठनले जनताको सेवा प्रवाहमा सुधारको माध्यमबाट सार्वजनिक प्रशासनलाई गरिमामय सेवाको रुपमा स्थापित गर्न निरन्तर लागिरहेको विषय सर्वविदितै छ ।

बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चं.नं. २७५४ मिति २०८०/०३/२४ को संगठन संरचना अध्यावधिक तथा पदपुर्ती सम्वन्धमा भएको पत्राचार प्रति नेपाल निजामती कर्मचारी संगठनको गम्भीर ध्यानाकर्षण भएको छ । निजामती सेवा ऐन २०४९ को दफा २(क) (१) मा देशको शासन सञ्चालन गर्न निजामती सेवाको गठन सञ्चालन र सेवा शर्तहरु तथा निजामती कर्मचारीको व्यवस्थापन र सञ्चालनका सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय निकायको रुपमा काम गर्नेछ भन्ने व्यवस्था रहेको, संघीय निजामती सेवा ऐन निर्माण नभएको र प्रदेश तथा स्थानीय सेवा सञ्चालन ऐन आई नसकेको अवस्थामा कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ बमोजिम विज्ञापन, सिफारिस तथा नियुक्ती भएका कर्मचारीहरुको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा तथा कामकाज गर्न २०७७ साल माघ २८ गतेको मन्त्रिपरिषद्‌को निर्णयानुसार सरुवा तथा कामकाजमा खटाउन भएको निर्णय बमोजिम एक स्थानीय तहबाट अर्को स्थानीय तहमा दोहोरो सहमतिका आधारमा भएका सरुवा तथा कामकाजमा खटाईएका कर्मचारीहरुलाई स्पष्ट कानून निर्माण गरी स्थायी व्यवस्थापन गर्नु पर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमतीले त्यस्ता कर्मचारीहरुलाई फिर्ता गर्ने गरी भएको निर्णय कर्मचारी समायोजन ऐन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बनाएको **"लोकसेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७"** विपरित भएको देखिन्छ ।

संघीय कानून बमोजिम दोहोरो सहमतिका आधारमा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा काम काज गर्न खटाईएका कर्मचारीलाई फिर्ता गर्ने निर्णय गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग कुनै समन्वयनै नगरि हठात कर्मचारी फिर्ता गर्ने जस्ता अव्यवहारिक, अदुरदर्शी एवं कर्मचारी विरोधी कार्यले प्रशासनिक संघीयतालाई अस्थिर बनाउने मात्र होईन प्रशासनिक अराजकता निम्त्याउने खतरा बढेको छ। साथै यस्ता निर्णयबाट राष्ट्रसेवकको मनोवल समेत कमजोर हुन्छ । हाल मुख्य मन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय बागमतीले मिति २०८०/३/२५ गते गरेको परिपत्र संशोधन गरी पिडित कर्मचारीको व्यवस्थापन तर्फ लाग्न सम्बन्धित निकायसँग संगठन जोडदार माग गर्दछ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न मितिमा निर्णय भई सरुवा तथा कामकाजमा खटाईएका कर्मचारीहरुको व्यवस्थापनमा देखिएका दिर्घकालिन र अल्पकालिन समस्याको समाधानमा लाग्न नेपाल सरकारसंग संगठन माग गर्दछ । जुनसुकै समस्याको समाधान वार्ता, संम्वाद र सौदावाजीबाट निकाल्न संगठन तत्पर रहेको छ । स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रलाई राजनैतिक तवरबाट अस्थिर बनाउने खालका हर्कत तत्काल बन्द गर्न समेत संगठन हार्दिक अपिल तथा अनुरोध गर्दछ । सरकारबाट यस प्रकारको गतिविधि तत्काल नसच्याए संगठन आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने ब्यहोरा समेत यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछौं ।

लेखनाथ कोइराला
अध्यक्ष